# मुक्तकका आधारभूत उपकरणका दृष्टिबाट 'यानी' मुक्तक सङ्ग्रहको विश्लेषण

**डा. भूमिराज बस्ताकोटी**
*उपप्राध्यापक, कन्या क्याम्पस पोखरा*

**सार**

*प्रस्तुत लेख पोखरेली मुक्तककार सञ्जीव पौडेलको मुक्तक सङ्गह 'यानी' को आधारभूत उपकरणका दृष्टिले विश्लेषण गर्नमा केन्द्रित छ । आधारभूत उपकरणका आधारमा गरिने विश्लेषणले कृतिको साङ्गोपाङ्ग चित्र प्रस्तुत गर्दछ । यानीका बारेमा दैनिक पत्रिकाको एक 'पुस्तक समीक्षा' बाहेक अन्य कुनै पनि कोणबाट अध्ययन गरेको नपाइएकाले विश्लेषणको यस ढाँचा अवलम्बन गरिएको हो । विषयगत विविधता, रुबाई लय ढाँचाको प्रयोग, भावप्रधान, विचारप्रधान तथा दुबैको उचित संयोजनयुक्त प्रस्तुति, बिम्ब, प्रतीक तथा अलङ्कारको सार्थक उपयोग, मूलतः प्रगीतात्मक संरचनाको अवलम्बनजस्ता विशेषता विश्लेषणबाट देखिन आएका तथ्य हुन् । मुक्तकको मारकता सिद्ध गर्ने व्यञ्जना सामर्थ्य केही मुक्तकमा देखिए पनि कलात्मक उच्चता प्राप्तिका लागि सर्जकमा पर्याप्त साधनको खाँचो रहेको निष्कर्ष प्रस्तुत लेखको छ ।*

**मुख्य शब्दहरू** : आधारभूत उपकरण, प्रगीतात्मक संरचना, मुक्तक, यानी, रुबाई ।

## विषय परिचय

*यानी* (२०७४) मुक्तक सङ्ग्रहका स्रष्टा सञ्जीव पौडेल (२०४२) हुन् । उनी विगत एक दशकदेखि मुक्तक लेखन/वाचनमा सक्रिय रहँदै आएका छन् । पोखरामा र अझ पछिल्लो समयमा मुक्तक लेखनमा अति प्रिय मानिने फारसी रुबाई ढाँचाका १०३ मुक्तक उनको विवेच्य *यानी* सङ्ग्रहमा सङ्गृहीत छन् । प्रति पृष्ठ एक मुक्तक राखिएको र अङ्क गणितीय नम्बर (१, २, ३ ...) दिइएको यसमा समसामयिक विविध क्षेत्रमा देखिएका विकृति, विसङ्गति, निराशा, वेदना र बढी मात्रामा शृङ्गारिक भाव प्रस्तुत भएका छन् ।

मुक्तक कविताको लघुत्तम रूप भएकाले कविताका जस्तै यसका पनि विषयवस्तु, भाव/विचार, भाषाशैली र लय तथा संरचना नै आधारभूत उपकरण मानिएका छन् । यिनै उपकरणका आधारमा यानी सङ्ग्रहका मद्रक्तकहरू कस्ता छन् ? भन्ने प्रश्न यस अध्ययनको मुख्य समस्या हो भने त्यसको प्राज्ञिक निदान यसको मुख्य उद्देश्य रहेको छ । यानी प्रकाशन भएको एक वर्ष नाघे पनि यसका बारेमा खासै समीक्षा भएको  देखिँदैन । सङ्ग्रहको आवरण पृष्ठको अन्त्यमा सरुभक्त, तीर्थ श्रेष्ठ र प्रकट पगेनी 'शिव' का अति सङ्क्षिप्त टिप्पणीहरू रहेका छन् । सरुभक्त र तीर्थ श्रेष्ठले मुक्तक बलिया देखिए पनि मुक्तकले पर्याप्त साधना र परिष्कार अपेक्षा गर्ने भएकाले आगामी रचना त्यसतर्फ अग्रसर होऊन् भन्ने कामना गरेको

© The Author, published by JRCC, Janapriya Multiple Campus.

देखिन्छ भने प्रकट पगेनीले काव्यिक शैलीमा स्रष्टालाई उचाल्ने काम गरेका छन् । फणीन्द्र अकिञ्चनले समाधान दैनिकमा पुस्तक समीक्षा प्रकाशित गरेका छन् । त्यसमा उनले मूलतः केही मुक्तकमा सीमित रहेर भाव/विचारको चर्चा बढी गरेका छन् भने कलात्मक पक्षको सामान्य सङ्केत मात्र गरेका छन् (२०७५, पृ. ५) । तसर्थ यानी मुक्तक सङ्ग्रहको साङ्गोपाङ्ग अध्ययन गरी निष्कर्ष स्थापनामा लेख केन्द्रित रहेकाले यसको औचित्य तथा महत्त्व सिद्ध गर्दछ ।

## अनुसन्धान विधि

यस अध्ययनका लागि सामग्रीको प्रमुख स्रोत पुस्तकालयलाई बनाइएको छ । विवेच्य मुक्तक सङ्ग्रह यानी यस अध्ययनको प्राथमिक सामग्री हो । मुक्तकका आधारभूत उपकरण/तत्त्वको निर्धारणका लागि लिइएका पुस्तक, शोधप्रबन्ध तथा पत्रिका यसका सहायक सामग्री हुन् । मुक्तक सङ्ग्रहको विश्लेषण कविता तत्त्व/उपकरणका आधारमा गरिने भएकाले कविता/मुक्तकका उपकरण/तत्त्व यस अध्ययनका मूल सैद्धान्तिक आधार हुन् । यही सैद्धान्तिक मान्यताका आधारमा मुक्तकहरूको व्याख्या तथा विश्लेषण गर्दै निष्कर्ष स्थापना गर्ने निगमनात्मक विधिलाई यसमा अवलम्बन गरिएको छ । कृतिको सन्दर्भ दिने क्रममा तथा अन्य प्राविधिक सन्दर्भमा ए.पी.ए. पद्धतिको अनुसरण गरिएको छ ।

## मुक्तकका आधारभूत उपकरण

कविताको उपविधा मुक्तकका आधारभूत उपकरण पनि कविताकै सापेक्षमा प्रस्तुत भएका देखिन्छन् । नेपाली कविता भाग - ४ (२०४६) मा मुक्तकदेखि महाकाव्यसमेतलाई आधार मानेर शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, केन्द्रीय कथ्य र त्यसको सन्दर्भसामग्री तथा भावविधान, बिम्बविधान तथा अन्य अलङ्करण प्रविधि, व्यञ्जना र विधागत स्वरूप तथा आयाम गरी नौ उपकरण/घटक/तत्त्व मानिएका छन् (त्रिपाठी, न्यौपाने र सुवेदी, पृ. १७) । कविताको संरचनात्मक विश्लेषण (२०६२) मा पनि समग्र कवितालाई आधार मानेर वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु तथा भाषाशैलीय विन्यासलाई कविताका उपकरण मानिएको छ (लुइटेल, पृ. २१९) । यी पाँच उपकरणभित्र पनि अन्य मिहीन घटकको चर्चा यसमा गरिएको छ । मुरारी पराजुलीको विद्यावारिधि शोधप्रबन्ध नेपाली मुक्तकका प्रवृत्तिहरू (२०६७) मा विषयवस्तु, संरचना, लयविधान, भाषाशैली, उक्ति/कथनपद्धति, र बिम्बविधानलाई मुक्तकका संरचक घटक मानिएको छ (पृ. १००) । साथै केहीका थप उपघटकको चर्चा पनि शोधप्रबन्धमा गरिएको छ । मुक्तक सिद्धान्त र पोखरेली मुक्तकका मूल प्रवृत्तिहरू (२०६८) पुस्तकमा विषयवस्तु, पात्र र परिवेश, भाव/विचार, लय, भाषाशैली अनि संरचनालाई मुक्तकका आधारभूत उपकरण मानिएको छ (पौडेल, पृ. १५) । अन्य विद्वान्हरूले पनि मुक्तक तथा कविता/काव्यसापेक्ष रहेर यसका बारेमा चर्चा गरेको पाइन्छ । विद्वान्हरूका उपर्युक्त धारणालाई आधार मानेर विषयवस्तु, भाव/विचार, भाषाशैली र लय तथा संरचनालाई मुक्तकका आधारभूत उपकरण/तत्त्वका रूपमा यहाँ प्रस्तुत गरिएको छ । बिम्ब/प्रतीक तथा अलङ्कार योजनालाई भाषाशैलीभित्रै व्याख्या गर्न सकिने तथा पात्र र परिवेशले कविताको फुटकर रूप र अझ खण्डकाव्य/महाकाव्यमा महत्त्व राखे पनि मुक्तकमा तिनको सामान्य मात्रै प्रभाव देखिनाले यहाँ समावेश गरिएको छैन ।

## आधारभूत उपकरणका आधारमा 'यानी' को विश्लेषण

१०३ वटा मुक्तकको सङ्ग्रह यानीलाई उपर्युक्त  उपकरणका आधारमा तल विश्लेषण गरिन्छ ।

### विषयवस्तु

यानी सङ्ग्रहका मुक्तकमा विषयगत विविधता देखिन्छ । रागभाव, कल्पना र समसामयिक राष्ट्रिय तथा वैश्विक जीवन विषयका स्रोत बनेका छन् । सङ्ग्रहका अधिकांश मुक्तक रागभाव/प्रेमसँग सम्बन्धित छन् । प्रेममा अनुभूत हुने पीडा, खुसी, रोमाञ्च, उदेक, जलन, छटपटी आदिका साथै नारीको रूपसौन्दर्यसँग जोडिएर करिब चार दर्जन मुक्तक प्रस्तुत भएका छन् । कतिपय मुक्तकमा प्रेमसँगै जातीय विभेद, अमेरिकी हैकमवाद, आर्थिक सङ्कट, सामाजिक संस्कार/मनोवृत्ति आदि पनि जोडिएर प्रस्तुत भएका छन् । जस्तै :

*मलाई बालुवाको पुलले नदी तर्न आउँदैन*
*मायामा जिउन नपाए पनि मर्न आउँदैन*
*ओ माया गर्नेहरू खुलेआम साट मुटुमुटु*
*म त नेपाली अमेरिकी हस्तक्षेप गर्न आउँदैन ।* (पौडेल २०७४, पृ. ५५) ।

यस मुक्तकमा प्रेम मूल विषय बनेर आएको छ तर भावको परिपाकका सन्दर्भमा अमेरिकाको बाँकी विश्वप्रति देखिने हस्तक्षेपकारी/हैकमवादी प्रवृत्ति पनि जोडिन पुगेको छ । त्यस्तै :

*एक्लै लुक्न गहिरो खाडल खन्न सकिनँ*
*जातै फेरी ठ्याक्कै उस्तै बन्न सकिनँ*
*चिर्रबिर्र आकाशमा उड्ने गौँथलीलाई*
*सँगै बसौँ भुइँमा झर भन्न सकिनँ ।* (पृ. ९८) ।

यस मुक्तकमा मूल विषय प्रेम नै रहेको छ तर त्यसलाई वियोगमा लाने वा टुटाउने काम जातीय विभेदका कारणले भएको थप सन्दर्भ जोडिएर आएको देखिन्छ ।

रागभाव/प्रेमपछि राजनीतिक नेतृत्वको नीच कर्म र कुशासनप्रतिको व्यङ्ग्य मुक्तकका विषय बनेका छन् । यस विषयका करिब दुई दर्जन मुक्तक राजनेताहरूको विदेशी प्रभुप्रतिको लम्पसारवाद, ज्ञान नभई शक्तिका आडमा नेता बन्ने स्थिति, चुनावका समयमा मात्रै जनताप्रति उत्तरदायी देखिने ढोँगी प्रवृत्ति तथा शक्तिशालीकै वरिपरि नाचिरहने अवस्थातर्फ लक्षित देखिएका छन् । यिनै मुक्तकमा राष्ट्रवादी चिन्तन तथा किसान/मजदुरजस्ता किनारीकृतका आवाज पनि मुखरित भएका छन् । बाँकी मुक्तकमा न्याय क्षेत्रमा देखिने विकृति, प्राकृतिक सौन्दर्य (पोखराकेन्द्री बढी), संविधान बन्दाताकाको खबरदारी, सांस्कृतिक विचलन, परम्परित सामाजिक मूल्यमान्यताप्रति कतै विद्रोह र कतै आस्था, दार्शनिक चेत आदिलाई विषय बनाइएको छ । रुबाई ढाँचामा संरचित मुक्तकहरूले यसको प्राचीन मान्यतालाई बढी अपनाउँदै (धार्मिक/नैतिकबाहेक) प्रेमपरक विषयलाई बढी उठाएको छ । तर पछिल्लो समयमा जुनसुकै विषयमा रहेर रुबाई ढाँचामा मुक्तक लेखिएको र तिनले राम्रै प्रभाव पारिरहेका सन्दर्भमा यसमा देखिएको विषयगत वैविध्य कृतिको शोभा बनेको देखिन्छ ।

### भाव/विचार

हृदयनिसृत भाव तथा मस्तिष्कनिसृत विचार अथवा दुबैको अन्तरमिश्रणको घनत्वपूर्ण, सूत्रात्मक, प्रतीकात्मक, आलङ्कारिक प्रस्तुति नै मुक्तक लेखनको खास ध्येय हो । परम्परित रुबाई ढाँचाका मुक्तकमा विषयगत निश्चितता मानिए पनि पछिल्लो लेखनले जुनसुकै विषयमा मुक्तक लेख्न सकिने अवस्थालाई देखाएको छ र त्यसैअनुरूप यस सङ्ग्रहमा पनि विविध विषयका मुक्तक सङ्गृहीत छन् । विश्लेषणमा सहजताका लागि प्रेम विषयक मुक्तकमा भाव/विचार, समसामयिक

राजनीतिक/सामाजिक बेथिति विषयक मुक्तकमा भाव/विचार तथा विविध विषयक मुक्तकमा भाव/विचार उपशीर्षक बनाएर प्रस्तुत गरिएको छ।

**प्रेम विषयक मुक्तकमा भाव/विचार**

सङ्ग्रहभित्रका करिब चार दर्जन मुक्तक प्रेम विषयक रहेका छन्। यीमध्ये आधाआधीले संभोग/संयोग शृङ्गार र आधाआधीले विप्रलम्भ/वियोग शृङ्गार भाव प्रस्तुत गरेका छन्। संभोग शृङ्गारमा खास गरी नारी/प्रेमिका (यद्यपि सर्जक पुरुष भएको बिर्सने हो भने कतिपयमा दुबै लिङ्ग पनि बुझिने/अर्थिने) को सौन्दर्यलाई बढी महत्त्व दिई विविध अलङ्कार तथा प्रतीकात्मक प्रस्तुतिमार्फत भाव परिपाक गर्ने प्रयत्न बढी देखिएको छ। त्यस्तै चोखो/पवित्र मायाप्रतिको शास्त्रीय धारणा, नारी मनको उदारता, ग्रामीण नारीप्रति चासो, प्रेम प्राप्तिका लागि आग्रह तथा यौन समागमको लाक्षणिकता मूल भाव बनेर आएका छन्। मुक्तक नं. १८ तथा ४१ मा हास्यात्मकताको पनि मिश्रण पाइन्छ।

विप्रलम्भ शृङ्गारका मुक्तकमा खास गरी नायिका/प्रेमिकाले विविध कारणले छाडेर जाँदा नायक/प्रेमीको उदास तथा अस्तव्यस्त जीवन, सम्झनासम्म पनि नगर्ने प्रेमिकाको निष्ठुर चरित्र, शङ्कालु वृत्तिले दिएको पीडा, अभाव/गरिबीले प्रेमिकालाई सिँगारिदिन नपाएको तथा सामान्य आवश्यकता पनि पुरा गर्न नसकेको औडाह, सामाजिक व्यवस्था/सम्बन्ध/जात … आदिका कारण टुट्न पुगेको प्रेमको जलन, नियतिका कारण मायालुसँग टाढिनुपरेको स्थितिले उब्जाएको बेचैनी, झुक्याइरहने नायिकाको बानीले दिएको पीडा, मधुर साँझ तथा सुन्दर प्रकृतिले छाडिजाने मायालुलाई सम्झाइरहँदा बोध हुने अतीतमोह आदि अभिव्यक्त भएका छन्।

प्रेम अनुभूतिगत विषय हो। तसर्थ प्रेम विषयक मुक्तकहरूमा स्वतः भावको प्रधानता हुन्छ। भावुकतामा सौन्दर्यको उच्च रूप झल्काउन पनि सकिन्छ। यद्यपि कोरा भावुकता मात्र नभएर त्यसमा विचारको उचित मिश्रण हुन सकेमा मुक्तकको मारकता अझ सघन हुन जान्छ। यस सङ्ग्रहका प्रेम विषयक अधिकांश मुक्तक भावकै केन्द्रीयतामा रहेका छन् यद्यपि तिनमा छिपछिपे विचार भने देखिन्छ तर केही मुक्तकमा भने भाव र विचारको मिश्रण पनि रहेको छ। जस्तै :

*यो उमेरमा सुस्त सुस्त चालमा एक्लै छु म*
*उर्लिएको यौवनको छालमा एक्लै छु म*
*बेकार भए डुङ्गाहरू अनि कञ्चन पानी यहाँको*
*यति सुन्दर यो वेगनास तालमा एक्लै छु म।* (पृ. ३७)।

*हुरी आयो र एक्कासी अङ्कमाल गऱ्यो*
*प्रिय फूल उसैसँग टाढा बसाइँ सऱ्यो*
*म रित्तिएँ, जिल्लिएँ र उदास भएँ*
*भाग्यले पुरानै सूत्र लगाएर हिसाब गऱ्यो।* (पृ. ७०)।

उद्धृत पहिलो मुक्तकमा एक्लै जिउनु परेको पीडाबोधसँगै बेगनास ताललाई अघि सार्दै त्यहाँको कञ्चन पानी र डुङ्गाहरू बेकार बनेको प्रस्तुतिले प्रकृतिले दिएको सुन्दर उपहारलाई हामीले सदुपयोग गर्न नसकेको धारणा अभिव्यञ्जित भएको छ। पर्यटकीय नगरी पोखरामै रहेको सुन्दर ताललाई पर्यटकीय हिसाबले जुन गतिमा अगाडि बढाउनुपर्ने थियो त्यो हुन नसकेकाले पर्यटक/मानवविहीन रित्ता डुङ्गाहरू त्यसै तैरिरहेका छन् भन्ने मिठो लाक्षणिक प्रस्तुति

यसमा पाइन्छ। त्यस्तै उद्धृत दोस्रो मुक्तकमा सिधा अर्थमा प्रेमिकासँग छुट्टिनुपरेको भाव व्यक्त भए पनि 'हुरी' तथा 'भाग्यले लगाएको पुरानै सूत्र' ले लाक्षणिकतालाई बोक्दै विविध सामाजिक बन्धन वा पर्खालतर्फ सङ्केत गरिएको छ। विविध अर्थमा अर्थ्याउन सकिने यसमा भाव र विचारको उचित तालमेल भएको देखिन्छ। त्यस्तै मुक्तक नं. ४७ र ९० मा पनि प्रेमाभावसँगै लाक्षणिक रूपमा आएका अमेरिकी दादागिरी र जातीय विभेदको मार वैचारिक घुलनका रूपमा प्रस्तुत भएका देखिन्छन्।

**समसामयिक सामाजिक/राजनीतिक विषयका मुक्तकमा भाव/विचार**

समाजका विविध पक्ष तथा राजनीति र योसँग जोडिन आएका विविध सन्दर्भमा देखिने वेथिति/विसङ्गतिप्रति व्यङ्ग्य र आक्रोश व्यक्त गरिएका करिब तिन दर्जन मुक्तक यानीमा सङ्गृहीत छन्। यी मुक्तकमा खास गरी सम्पत्ति मोहले अन्धो भएको मान्छेको घिनलाग्दो रूप, राजनीतिक नेतृत्वले 'इन्जोय जोन' का नाममा पोखरालाई कुरूप बनाउन खोजेको अर्थतर्फ लक्षित गर्दै लाजले मुख छोप्नुपर्ने अवस्थातर्फ सङ्केत, स्वार्थप्रेरित राजनीतिक नेतृत्वका निकृष्ट कर्म, नेपाल बन्दजस्ता विरोधका गलत रूपप्रति व्यङ्ग्य, नेतृत्व राजनीतिक कम र व्यापारी बढी बन्दै गएको र एक दिन देश नै बेच्न सक्ने भन्दै कटाक्ष, सरकारको सुस्त कार्यशैली, जनतालाई खेलौना बनाउने नेताको चरित्र, राजनीतिक नेतृत्वमा गुन्डाहरू आएकाप्रति कटाक्ष, राष्ट्रिय गीत पनि नजान्ने मान्छे नेता बनेको विडम्बनापूर्ण स्थिति, नेता तथा बुद्धिजीवीहरूको विदेशी प्रभुप्रतिको लम्पसारवाद, लोकतन्त्र भने पनि सामन्ती संस्कार हटिनसकेको सामाजिक अवस्था, श्रमको मूल्य नपाएको निम्न वर्गका पीडा, द्वन्द्वले दिएको अभिघात, सामान्य कुराका लागि सडकमा निस्किएर नारा लगाउने प्रवृत्ति, युवाको विदेश पलायनले हरिया पहाड खरानी भएको र वृद्धवृद्धा समस्यामा रहनुपरेको तितो यथार्थ, संविधान लेखनताकाको समयलाई लिएर खबरदारी तथा काठमाडौँकेन्द्री सत्ताप्रति आक्रोश, सफलता प्राप्तिका नाममा गरिने नीच कर्म, पारिवारिक किचलो, सांस्कृतिक विचलन, किसानको सङ्घर्ष ह्रास हुँदै गएको स्थिति, इमानदारहरू पछि परेको अवस्था, स्वार्थअनुसार देखिने सामाजिक द्वैध चरित्र, उमेर नपुग्दै बरालिने केटाकेटीको नियति, फेसनले ल्याएको विकृति, पुस्तौँदेखि विविध समस्यामा रहेको नेपाली समाज पछिल्लो समय इन्टरनेटको दुरुपयोगले समस्यामा परेको सन्दर्भ, सहरी जीवनको निरसता र यीसँगै धेरै मुक्तकमा जोडिएर आएको राष्ट्रवादजस्ता कुराहरू कतै सघन व्यङ्ग्यात्मक त कतै सामान्य अभिव्यक्तिका रूपमा प्रस्तुत भएका छन्।

सामाजिक/राजनीतिक विषयकेन्द्री यस्ता मुक्तकमा भावभन्दा विचारको प्राधान्य देखिन्छ। केही मुक्तकमा भने विचार र भावको अन्तरघुलन पनि प्रस्तुत भएको छ र ती मारक पनि बन्न पुगेका छन्। त्यस्तै केही मुक्तकमा भावको सघनता पनि प्रस्तुत भएको छ र ती पनि निकै मारक बनेका देखिन्छन् :

*हजुरबालाई देख्नै नपाई लगिहाल्यो दमले*
*बुबालाई नि विना कसुर उछिट्यायो बमले*
*वंश विनाश गर्ने पालो फेरि विज्ञानकै हो*
*केही वर्षमै छोरोलाई पनि लान्छ डटकमले।* (पृ. ८२)।

*हरिया पहाड खरानी भएको खबर सुनायो*
*हर रात चिसो सिरानी भएको खबर सुनायो*

*म आफैं मुटुको धड्कन धानेर बसिरहेथैं*
*ऊ आयो र आमा बिरामी भएको खबर सुनायो ।* (पृ. ३८) ।

उद्धृत पहिलो मुक्तकमा हजुरबा र बुबाप्रति भक्तिभाव/श्रद्धाभावसँगै अभाव/अज्ञान तथा द्वन्द्वको मारले गुमाउनुपरेको र त्यसको कारण विज्ञान (दमको उपचार हुन नसकेर मर्नुपरेको वा विज्ञानको विकास नभएर मर्नुपरेको र विज्ञानले बनाएको बलमे गर्दा मर्नुपरेको विरोध सम्बन्ध) बनेको र आउने पुस्ता पनि विज्ञानकै उपज डटकम वा इन्टरनेटका कारण सिर्जनशीलता नासिएर मेसिनभैंm बन्न पुगेको धारणाले भाव र विचारको अन्तरघुलन प्रभावकारी बन्न पुगेको छ । उद्धृत दोस्रो मुक्तकमा विदेश पलायन हुनुपर्ने बाध्यता (राज्यको नीतिनिर्माणदेखि अनेक कारण) ले पहाडी बस्ती समाप्त बन्दै गएकातर्फ मार्मिक र भावुक प्रस्तुति देखिएको छ । राज्यव्यवस्था तथा सामाजिक व्यवस्थाप्रति असहमति वा आक्रोश सतहमा नदेखिए पनि आमा र मातृभूमिको उजाड अवस्थाले सृजना गरेको गहिरो चोटमा विचारको आन्तरिक रन्को भने यसमा पनि अनुभूत गर्न सकिन्छ ।

धेरै मुक्तकमा परम्परित धारणा तथा बेमेलमाथि व्यङ्ग्य गर्ने, प्रश्न उठाउने, विद्रोह चेतना प्रस्तुत गर्ने यानीका केही मुक्तकमा भने परम्परित धारमै रहेर नवीन चेतना/धारणा/फेसनप्रति कटाक्ष पनि गरिएको छ :

*मेरो जस्तै मुटु छ रे साटौं भन्छे ऊ*
*कति कुरा परिवारलाई ढाँटौं भन्छे ऊ*
*कहिले केको कहिले केको आज इज्जतकै सबाल*
*एक बित्ताको मिनिस्कट नि काटौं भन्छे ऊ ।* (पृ. ७५)

मुक्तकमा पुरुषवादी धारणाबाट अभिप्रेरित हुँदै नारी उसकी इज्जतकी साधन भएकी वा उसको इज्जत नारीले जोगाइदिनुपर्ने मानसिकताबाट छोटो लुगा लगाउने चाहना राख्ने किशोरीप्रति कटाक्ष गरिएको छ । फेसन नितान्त वैयक्तिक कुरा हो यद्यपि फेसन वा भेषभूषालाई धर्म, संस्कार तथा समाजसापेक्ष मान्यतामा व्याख्या पनि गरिएको छ तर पनि भुल्नु हुँदैन कि धर्मसंस्कार-सापेक्षकै नाममा थुप्रै देशमा नारीहरू अझै पनि बुर्काभित्रै जीवन काटिरहेका छन् । त्यस्तै मुक्तक नं. ४० र ६६ पनि नारीलाई 'हेपिएको' रूपमा प्रस्तद्रुत भएका छन् ।

## विविध विषयक मुक्तकमा भाव/विचार

प्रेम विषयक तथा सामाजिक/राजनीतिक विषयका अतिरिक्त अन्य (यद्यपि समाजनिरपेक्ष त होइन तर समाजसापेक्ष भनेर चर्चा गरिएका भन्दा केही भिन्न) विषयका पनि केही मुक्तक सङ्गृहीत छन् । यिनमा खास गरी मान्छेको आन्तरिक वृत्ति वा मनोवैज्ञानिक पक्ष, न्याय क्षेत्रमा देखिएका विसङ्गति, प्रकृति चित्रण, पशु अधिकार, नियति, अस्तित्वको खोज, जीवनको रहस्यात्मकताप्रति दार्शनिक चासोजस्ता कुराहरू व्यक्त भएका छन् । यी मुक्तकमा भावभन्दा बढी विचारकै प्राधान्य देखिएको छ । केहीमा भने भाव र विचारको संयोजन पनि पाइन्छ । जस्तै :

*कालीदासभैंm कुनै दिन कसाई बुद्ध हुन्छ कि हुँदैन*
*धेरै भए भने बुद्धबुद्धमा युद्ध हुन्छ कि हुँदैन*
*प्रयोगशालामा फोहोर निरन्तर प्रशोधन भएभैंm*
*मान्छेको मन राखियो भने त्यो मन शुद्ध हुन्छ कि हुँदैन ?* (पृ. १०) ।

*न आकाश रमाउँछ न धर्ती रमाउँछ*
*न मन्दिर रमाउँछ न मूर्ति रमाउँछ*
*देवताका नाममा जब बोको च्वाट्ट पार्छौ*
*दाइ! त्यति वेला तिम्रो मात्रै फुर्ती रमाउँछ ।* (पृ. २३) ।

उद्धृत पहिलो मुक्तकमा मान्छेको मन मैलिएको सन्दर्भलाई अघि सार्दै मिथकीय सन्दर्भबाट भाव र विचारको कलात्मक संयोजन गरिएको छ भने दोस्रो मुक्तकमा संस्कारका नाममा बलि दिने प्रथाले केवल एकछिनको फुर्ती मात्रै देखिने हो भन्दै पशु/बोकोप्रति सहानुभूतिशील बनेर तिनका पक्षमा आफ्नो भाव/विचार प्रस्तुत गरिएको छ।

**भाषाशैली**

अभिव्यक्तिको माध्यम भाषा तथा त्यसको प्रस्तुतिको ढाँचा (कलात्मक/आलङ्कारिक) ले नै मुक्तकलाई मारक बनाउँछ। लालित्ययुक्त मितव्ययी शब्दचयन तथा व्यङ्ग्यात्मक, लाक्षणिक, बिम्बात्मक, प्रतीकात्मक प्रस्तुति मुक्तकका लागि अनिवार्यजस्तै मानिन्छ।

सङ्ग्रहका सबै मुक्तकमा सरस र सरल भाषाको प्रयोग गरिएको छ। तत्सम, तद्भव तथा आगन्तुक तिनै स्रोतका शब्दको प्रयोग गरिएको यसमा सामान्यतया प्रचलित शब्दको प्रचलित अर्थमै (लाक्षणिकताबाहेक अभिधाका अर्थमा) उपयोग गरिएको छ। मुक्तक नं. ८६ मा भने क्रियापदमा मानक रूपको प्रयोग नगरी खसानी उपभाषिका वा भानुभक्तकालीन नेपाली भाषाको रूप प्रयोग गरिएको छ :

*युवा बाहिऱ्या छन् गाउँमा आइमाई, बालक, बुढा*
*सुख दिन्या भनी नेता हमीको सपना सब लुटा*
*नाइँ बदल्न्या जिन्दगी यी राजनीतिले अझै पनि*
*घोडा चढ्न्या घोडा चढ्या मुढा चढ्न्या मुढा ।* (पृ. ९४)

यस्तो प्रयोगले नवीन स्वाद त दिएको छ नै यसबाट यथार्थको चित्रसँगै व्यङ्ग्यात्मक सौन्दर्यबोध पनि निकै प्रभावशाली बनेको देखिन्छ। मानक रूप इतर कथ्य रूपको प्रयोग खास गरी लयसंयोजनका लागि अन्य केही मुक्तकमा पनि गरिएको पाइन्छ यद्यपि अधिकांश भाषिक रूप भने मानक नै प्रयोग भएको देखिन्छ।

बिम्ब र प्रतीकको प्रयोग यानीमा प्रशस्तै गरिएको छ । सबै मुक्तकमा नभए पनि खास गरी शृङ्गार रसयुक्त वा प्रेमपरक केही मुक्तक तथा सामाजिक/राजनीतिक विषयका केही मुक्तकमा बिम्ब र प्रतीकको कलात्मक उपयोग गरिएको छ । जस्तै :

*मान्छे जीवन धान्न प्रकृतिसँग प्रीति गाँस्छ*
*स्वार्थ पुरा गर्छ अनि प्राकृतिकता नास्छ*
*त्यसैले उहिले तिमी माछापुच्छ्रेझैँ हाँस्थ्यौ*
*आजकल माछापुच्छ्रे तिमीजस्तै हाँस्छ ।* (पृ. १४)

उद्धृत मुक्तकमा मान्छेका स्वार्थका कारण प्राकृतिक विनाश भएको र त्यसले निम्त्याएको ग्लोबल वार्मिङले सेतो/स्वच्छ/उन्मुक्त हिमाल अहिले मान्छेको आन्तरिक कालो रूपजस्तै बन्न पुगेको भावात्मक यथार्थको कलात्मक बिम्बीकरण प्रस्तुत भएको देखिन्छ । त्यस्तै मुक्तक नं. १५ मा बलि दिने वेलाको चित्रात्मकता, २१ मा अभावयुक्त

जिन्दगीलाई तालको डुङ्गासँग गरिएको बिम्बात्मक प्रतीकीकरण, २९ मा यौवनमा फक्रेको युवा र वेगनास तालको सौन्दर्यको चित्रात्मकता, ४१ मा होचीमोटी नायिकामा देखिएको सौन्दर्य, ४८ मा लाली गुराँससँग रूपकीकृत नायिकाको ओठ तथा मधुर वाणीमा बोल्दा महसुस हुने आह्लादक अवस्था अनि इतिहासै अटाएका गहिरा आँखाको मनमोहक चित्रात्मकता, ७३ मा खरको छड्के भारी बोकिरहेकी लजालु ग्रामीण युवतीको बिम्बीकरणले मुक्तकमा सघनता र सौन्दर्य सृजना गरेको देखिन्छ। अन्य केही मुक्तकमा पनि बिम्बको प्रस्तुति राम्रैसँग भएको पाइन्छ।

बिम्बजस्तै प्रतीकको प्रयोग पनि विभिन्न मुक्तकमा भएको छ। मुक्तक ४९ मा प्रयुक्त 'इन्द्रेणी रङ भर्नेहरू' किसानको प्रतीक, ६२ मा प्रयुक्त 'पुरानै सूत्र' सामाजिक बन्धनको प्रतीक, ६३ मा प्रयुक्त 'किसुनजीकी कपाली' आनन्द र समपर्णको प्रतीक, ७७ मा प्रयुक्त 'घाँटी सुकिरा'छ मेरो भर्देऊ अम्खोरा' यौन प्यास तथा यौनाग्रहको प्रतीक, ७८ मा प्रयुक्त 'म सँगसँगै कौडी खेलौली' यौन समागमको प्रतीक, ७९ मा प्रयुक्त 'भिर' योनीको प्रतीक, ९० मा प्रयुक्त 'आकाश' र 'भुइँ' जातीय विभेदको प्रतीक, ९६ मा प्रयुक्त 'पुरा' सामन्ती संस्कारको प्रतीक आदिको उपयोगले मुक्तकलाई कलात्मक मूल्य प्रदान गरेका छन्।

विविध अलङ्कारको प्रयोगले पनि मुक्तकलाई कलात्मक बनाएका छन्। रुबाई ढाँचामा लेखिने मुक्तकमा तिन पङ्क्तिमा उपमाको प्रयोग र चौथो पङ्क्तिमा निष्कर्ष हुनुपर्ने मान्यता पनि कतिपय विद्वान्‌को रहेको उल्लेख पाइन्छ (बराल, २०६४, पृ. १४१) तर प्रचलनमा अलङ्कारको प्रयोग प्रशस्त देखिए पनि त्यही रूपको प्रयोग भने आम रूपमा देखिँदैन। यानीभित्रका थुप्रै मुक्तकमा उपमाको प्रयोग गरिएको छ। मुक्तक नं. ५७ मा तिन पङ्क्तिमा उपमाको प्रयोग गरिए पनि तेस्रोलाई छाडेर चौथोमा उपमाको प्रयोग भएको देखिन्छ तर यस प्रयोगले सौन्दर्यलाई बढाएको नै पाइन्छ। भिन्न भाषामा प्रयुक्त हुँदा भाषिक स्वरूपले पनि मूल वा मानक रूप भत्किने यथार्थ अन्य विधाका रचनाहरूले पनि देखाएका छन्।

सङ्ग्रहका धेरै मुक्तकमा उपमाको प्रयोग गरिएको छ। त्यस्तै रूपक, तुल्ययोगिता, सन्देह, उत्प्रेक्षा, अतिशयोक्ति, स्वभावोक्ति, अनुप्रास आदि अलङ्कारको प्रयोगले मुक्तकमा कलात्मक धर्म निर्वाह गरेका छन्।

## संरचना र लय

सामान्यतया मुक्तक प्रगीतात्मक संरचनाको काव्यरूप हो। केही रचनामा आख्यानात्मक तथा नाटकीय ढाँचाको प्रयोग पनि कहीँकहीँ गरिएको देखिन्छ। प्रगीतात्मक ढाँचाकै कविता (मुक्तक) मा पनि आख्यान सङ्केत तथा नाटकीयताका सूक्ष्म रूप लुकेका हुन्छन् (लुइटेल, २०६२)। विवेच्य सङ्ग्रहका अधिकांश मुक्तक प्रगीतात्मक ढाँचाकै रहे पनि केहीमा भने आख्यानात्मक र नाटकीय संरचनाको उपस्थिति पाइन्छ। जस्तै माथि उदधृत पृ. ७० र ८२ मुक्तक नं. ६२ र ७४ मध्ये पहिलो मुक्तकमा प्रेममा वियोग हुनुपरेको अवस्थालाई विविध सामाजिक पर्खाल (पुरानै सूत्र) को कारण बताएर हुरी आउनु, फुल टाढा बसाइँ सर्नु, रित्तिनु, जिल्लिनु, उदास हुनुजस्ता क्रियात्मक प्रस्तुति मार्फत आख्यानात्मक रूप प्रयोग गरिएको छ भने दोस्रोमा तिन पुस्ताको पतनको बृहत् आख्यानलाई सङ्केतसूत्रद्वारा चोटिलो प्रस्तुति गरिएको पाइन्छ। यस्ता केही अन्य मुक्तक पनि सङ्ग्रहमा परेका छन्। केही नाटकीय संरचनाका मुक्तक पनि सङ्ग्रहमा रहेका छन्। जस्तै :

*मध्यरातमा फोनमा 'हाइ' भनेर गई*
*मनको माया मेरो हजुरलाई भनेर गई*
*कल्पनामा डुब्दै मायाका महल बनाउँदै थेँ*
*छुट्ने वेला बित्यास पारी 'दाइ' भनेर गई।* (पृ. २६)

*हेरिरहन्छे आफूतिर आऊ भन्दिन दाइ*
*सुन्छु एउटै प्रणयगीत गाऊ भन्दिन दाइ*
*मर्किएको खरको भारी बोकी टाउको मर्काउँदै*
*अझै पनि छड्के भारी मिलाऊ भन्दिन दाइ ।* (पृ. ८१)

उद्धृत पहिलो मुक्तकमा म पात्र र 'दाइ' भन्ने युवतीबिचको संवाद, अझ एकालाप र मनोवादका सन्दर्भबाट नाट्यात्मकताको प्रस्तुति देखिन्छ भने दोस्रोमा नायकलाई चाहने नायिकाको लजालु वृत्तिको दृश्यात्मकता प्रस्तुत भएको पाइन्छ। यस्ता केही अन्य मुक्तक पनि सङ्ग्रहमा परेका छन् ।

सङ्ग्रहका सबै मुक्तक 'रुबाई' लय ढाँचामा संरचित छन् । रुबाई इरानमा प्रचलित प्राचीन कविता रूप हो र यसको लय ढाँचा एएबीए (बबदब) को अन्त्यानुप्रासीय संरचनामा आबद्ध हुन्छ (बराल, २०६४, पृ. १४१) । परम्परित रुबाई विभिन्न बहरमा लेखिए पनि नेपालीमा प्रचलित रुबाईमा भने त्यसको निर्वाह गरिएको पाइँदैन तर एएबिए (बबदब) को ढाँचालाई भने अङ्गीकार गरेको देखिन्छ। पछिल्लो समय पोखरालगायतका कतिपय स्थानमा मुक्तक भनेकै रुबाई हो भन्ने अतिवादी धारणा पनि पाइएको छ (पौडेल, २०६८, पृ. १५) । संस्कृत साहित्यको चतुष्पदीय मुक्तकीय परम्परा साथै पछि विकसित गद्यात्मक मुक्तकहरूले राम्रै कलात्मक मूल्य प्रस्तुत गरेका सन्दर्भमा 'रुबाई' ढाँचालाई मात्रै मुक्तक मान्नु उपयुक्त देखिँदैन तर विवेच्य सङ्ग्रहका १०३ मुक्तकमध्ये १०२ रुबाई ढाँचाका देखिनु मुक्तक नं. १०१ पनि एएबिए (बबदब) नभएर एएएए (बबबब) को ढाँचामा देखिएको मात्रले यसका स्रष्टा पनि त्यो अतिवादबाट मुक्त हुन सकेको देखिँदैन ।

लय वा अनुप्रास मिलाउनकै लागि मुक्तक नं. ५६ मा 'पाछ्नु/पाछ्न' लाई 'पास्न', ८३ मा 'ठोकेपछि' लाई ' ठिकेपछि' बनाइएको छ भने १३ को दोस्रो पङ्क्तिमा लयात्मक विचलन देखिएको छ वा कुनै एक शब्द थप हुनुपर्नेमा नभएकाले लय खलबलिन पुगेको छ। अन्यथा लयात्मक हिसाबले सार्थक शब्दकै प्रयोगद्वारा अन्त्यानुप्रासीय (काफिया) को आयोजनाले मुक्तकलाई कलात्मक बनाएका छन् ।

## निष्कर्ष

कविताको सबैभन्दा सानो, सूत्रात्मक, सघन र पर्याप्त अर्थविस्तारको सम्भावना बोक्ने मुक्तक लेखनमा सबैभन्दा बढी विचारणीय पक्ष भनेकै व्यञ्जना सामर्थ्य हो र त्यसका लागि आलङ्कारिकता, प्रतीकात्मकता, बिम्बात्मकता अथवा समग्रमा उच्च कलात्मकताको आवश्यकता पर्दछ। त्यस्तो प्रस्तुतिका लागि हरेक शब्दको चयन निकै महत्त्वपूर्ण हुन्छ। यानीभित्रका केही मुक्तकमा कविताको यस लघुत्तम रूपले अपेक्षा गर्ने उपर्युक्त मारकताका सन्दर्भहरू देखिए पनि सर्जकमा अझै पर्याप्त साधनाको आवश्यकता भने देखिएको छ। खास गरी केही मुक्तक अत्यन्तै सामान्य हुनु, केही सान्दर्भिकता हराइसकेका वा मुक्तक सङग्रह २०७४ मा छापिए पनि संविधान बन्दाताकाका खबरदारीयुक्त मुक्तक समावेश गर्नुले लेखे जति सबै छाप्नुपर्छ भन्ने मानसिकताबाट मुक्तककार मुक्त हुन नसक्नु र केही मुक्तक अस्वीकृत भइसकेका परम्परित विचार/धारणालाई अघि बढाउन आएका पाइनु सङ्ग्रहको गम्भीर कमजोरी देखिन्छ। यद्यपि धेरै मुक्तकमा कलात्मकताको सृजना गर्न खोजिएका प्रयत्नले भने कृतिलाई कमजोर बन्न दिएका छैनन् ।

आधारभूत उपकरणका दृष्टिले अध्ययन कार्य गर्दै जाँदा बिम्ब तथा प्रतीक योजना र अलङ्कार योजनामा थप

विस्तारित अध्ययन हुन सक्ने देखिएको छ।

## सन्दर्भकृति सूची

अकिञ्चन, फणीन्द्र (२०७५, भदौ ८), “यानीका भाकाहरू”, *समाधान,* पृ. ५ ।

त्रिपाठी वासुदेव, न्यौपाने दैवज्ञराज र सुवेदी केशव (सम्पा.), (२०४६), *नेपाली कविता (भाग ४),* ललितपुर : साझा प्रकाशन ।

पराजुली, मुरारी (२०६७), *नेपाली मुक्तकका प्रवृत्तिहरू,* विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

पौडेल, विष्णुप्रसाद (२०६८), *मुक्तक सिद्धान्त र पोखरेली मुक्तकका मूल प्रवृत्ति,* पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

पौडेल, सञ्जीव (२०७४), *यानी,* पोखरा : मुक्तक मञ्च ।

बराल, कृष्णहरि (२०६४), *गजल : सिद्धान्त र परम्परा,* ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *कविताको संरचनात्मक विश्लेषण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।